# ईङ्वा हाईड्रोपावर लिमिटेड
# INGWA HYDROPOWER LIMITED

PAN NO. : 303742663
Reg No. : 125983/071/072


-च.नं. ५५/०८२/०८३

मिति : २०८२/०९/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाडौं ।

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

श्री विद्युत नियमन आयोग,
सानो गौचरण, काठमाडौं ।

**विषय : १६औं वार्षिक साधारण सभा सम्पन्न सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ईङवा हाईड्रोपावर लिमिटेडको मिति २०८२ साल पौष १६ गते सम्पन्न आ.व. २०८१/०८२ को १६औं वार्षिक साधारण सभाबाट पारित बिषयहरुको माईन्यूट र कम्पनीको वार्षिक प्रतिवेदन यसै पत्र साथ संलग्न गरि पठाईएको जानकारी अनुरोध छ ।

भवदीय,

Ingwa Hydro Power Ltd
INGWA
Thapathali

गोकुल पाण्डे
कम्पनी सचिव

**ईङ्वा हाईड्रोपावर लिमिटेडको**
**१६औं वार्षिक साधारणसभाको निर्णय**

मिती २०८२ साल पौष १६ गते विहान ११ बजे देखि ईङ्वा हाईड्रोपावर लिमिटेडको १६औं वार्षिक साधारणसभामा यस कम्पनीको संचालक समितीका अध्यक्ष श्रीमती सुमित्रादेवी न्यौपानेको सभापतित्वमा होटल क्रिष्टल पशुपति, गौशाला, काठमाण्डौको सभाकक्षमा बसी देहायका विषयहरुमा छलफल गरी निम्नानुसार निर्णयहरु सर्वसम्वत रुपमा पारित गरियो ।

**१) सभा भएको मिति, स्थान र समयः**

मिति : २०८२ साल पौष १६ गते बुधवार (Wednesday, 31st December, 2025)
स्थान : होटल क्रिष्टल पशुपति, गौशाला, काठमाडौं
समय : बिहान ११.०० बजे देखि

**२) उपस्थिती :**

क) **सञ्चालकहरुको उपस्थितिः**

| | |
|---|---|
| १. श्री सुमित्रादेवी न्यौपाने | अध्यक्ष |
| २. श्री सतिस न्यौपाने | कार्यकारी संचालक |
| ३. श्री महेन्द्र न्यौपाने | संचालक |
| ४. श्री शौरभ तिमील्सीना | संचालक |
| ५. श्री भेज प्रसाद तिमील्सीना | स्वतन्त्र संचालक |

ख) **शेयरधनीहरुको उपस्थितिः**

स्वयंम उपस्थित तथा प्रतिनिधी मार्फत कूल शेयर संख्याको उपस्थिति प्रतिशत - **६६.६७ %**
(माथि उल्लेख भए अनुसारको उपस्थिति कम्पनी ऐन २०६३ को दफा ७३ (२) अनुसार गणपूरक संख्याका लागि पर्याप्त छ ।)

**३) सभाको संचालन**

यस कम्पनीको आजको वार्षिक साधारण सभा कम्पनीका कम्पनी सचिव श्री गोकुल पाण्डे ज्यूले संचालन गर्नुभयो ।

**४) आशन ग्रहण :**

आजको यस १६औं वार्षिक साधारण सभामा कम्पनीका अध्यक्ष श्रीमती सुमित्रादेवी न्यौपाने ज्यूलाई सभापतिको आशन ग्रहण गराई क्रमैसंग कार्यकारी संचालक, संचालक समितिका सदस्यहरु तथा अन्य आमन्त्रित तथा शेयरधनीहरुलाई आशन ग्रहण गराई सभा संचालन गरियो ।

**५) सभाको वैधानिकता :**

मिति २०८२ साल मंसिर २२ गते बसेको यस कम्पनीको संचालक समितिको आ.व. २०८२/०८३, बैठक संख्या ५ को निर्णयानुसार कम्पनीको १६औं वार्षिक साधारण सभा आज मिति २०८२ साल पौष १६ गते बुधबार संचालन गर्ने निर्णय भएअनुसार कम्पनी ऐन २०६३ को दफा ७६ (२) बमोजिम सभा हुने मिति, स्थान र छलफल विषयहरु समेत उल्लेख गरी २१ दिनभन्दा अग्रिम मिति २०८२ साल मंसिर २३ गतेको राष्ट्रिय दैनिक पत्रिका(नेपाल समचारपत्र राष्ट्रिय दैनिकमा) यस

Ingwa Hydro Power Ltd
Thapathali
INGWA

वार्षिक साधारण सभाको छलफलका विषयहरु संलग्न गरी सभाको संचालन सम्बन्धि जानकारी सहित प्रकाशित गरी र मिति २०८२ साल पौष ८ गते पुन स्मरणार्थ दोश्रो पटक समेत राष्ट्रिय दैनिक पत्रिका (नेपाल समचारपत्र राष्ट्रिय दैनिकमा) सुचना प्रकाशित गरी शेयरधनी महानुभावहरुमा जानकारी गराइएको पाईयो । यस १६औं वार्षिक साधारण सभामा भाग लिन उपस्थीत शेयरधनी महानुभावहरुले आ.व. २०८१/०८२ को १६औं वार्षिक प्रतिवेदन, वासलात, नाफा नोक्सान, नगद प्रवाह विवरणको पुस्तिका अनलाईन माध्यम र कम्पनीको प्रधान कार्यालयबाट लिइएको पाईयो । साथै आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुले सहज रुपले प्राप्त गर्नसकुन भनेर कम्पनीको Website www.ingwahydropowerltd.com.np मा समेत कम्पनीले E-copy राखेको पाईयो ।

कम्पनी ऐन २०६३ को दफा ७३ (२) बमोजिम साधारण सभा संचालन गर्नका लागि कुल शेयर सदस्य संख्याको स्वयम् वा प्रोक्सी मार्फत उपस्थित ५० प्रतिशत भन्दा बढीको उपस्थिति हुनुपर्नेमा आजको यस सभामा कुल शेयर सदस्य संख्याको ६६.६७ प्रतिशत शेयरधनीहरुको प्रतिनिधित्व हुनेगरी उपस्थित हुनुहुने शेयरधनीहरु रहनु भएको हुनाले सभामा गणपूरक संख्या पुरा भई यस सभालाई बैधानिक घोषित गरी सभा बोलाईएको पाईयो ।

६) **स्वागत मन्तव्य:**

ईङवा हाईड्रोपावर लिमिटेडको १६औं वार्षिक साधारण सभामा कम्पनीका कार्यकारी संचालक श्री सतिस न्यौपाने ज्यूले उपस्थित शेयरधनीहरु माफ स्वागत मन्तव्य व्यक्त गर्नुभयो ।

त्यस्तैगरि ईङवा हाईड्रोपावर लिमिटेडको १६औं वार्षिक साधारण सभामा कम्पनीका पुर्व संचालक श्री संजीव न्यौपाने ज्यूले उपस्थित शेयरधनीहरु माफ शुभकामना मन्तव्य व्यक्त गर्नुभयो ।

७) **१६औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

कम्पनीका कम्पनी सचिव श्री गोकुल पाण्डे ज्यूले यस १६औं वार्षिक साधारण सभामा स्मरणार्थ छलफलका विषयहरु प्रस्तुत गर्नुभयो ।

**क) सामान्य प्रस्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्ष ज्यू द्बारा प्रस्तुत आ.व. २०८१/०८२ को वार्षिक प्रगति विवरण छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०८१/०८२ को लेखा परिक्षण प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान/हिसाव र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व. २०८२/०८३ का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

**ख) विशेष प्रस्ताव :**

१. कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा आवश्यक कार्य गर्न र कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्न आवश्यक परेमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

सुमित्रा

Ingwa Hydro Power Ltd
Thapathali

**८) आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत:**

कम्पनीका अध्यक्ष श्रीमती सुमित्रादेवी न्यौपाने ज्यूले अध्यक्षको मन्तव्य सहित कम्पनीको आ.व. २०८१/०८२ को १६औं वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभयो ।

तत् पश्चात श्री यजु सुवाल ज्यूले कम्पनीको आर्थिक बर्ष २०८१/०८२ को आय व्यय विवरण र वासलातको समिक्षात्मक प्रतिवेदन पेश गर्नुभयो ।

त्यसपछी कम्पनीका संचालक श्री शौरभ तिमिल्सीना ज्यूले कम्पनीको हालसम्मका गतिविधिहरु तथा भावी कार्य योजना प्रस्तुतीकरण प्रस्तुत गर्नुभयो । संचालकको प्रस्तुतीकरण पश्चात् शेयरधनीहरुको विचार तथा सल्लाहहरु प्रस्तुत गर्न छलफल कार्यक्रम शुरु भयो ।

**९) साधारण सभामा उपस्थित शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरु :**

१) शेयरधनी श्री जगन्नाथ आचार्य

- कम्पनीको आम्दानीमा क्रमशः वृद्धि हुदै गएकोले आगामी बर्ष कम्पनीले राम्रो मुनाफा आर्जन गर्ने विश्वास व्यक्त गर्नुभयो ।
- कर्मचारीलाई समय समयमा तालिमको व्यवस्था गर्न तथा आ. व. २०८२/८३ को लेखापरिक्षण शुल्क यथावत गर्नको लागि सुझाव दिनुभयो ।

२) शेयरधनी श्री गोबिन्द बहादुर के. सी.

- कम्पनीको विद्युत उत्पादनको लक्ष्य तथा वास्तविक विद्युत उत्पादनमा क्रमशः सुधार भएको तथा आगामी दिनमा विद्युत उत्पादनको लक्ष्य अनुसार कार्य गर्नका लागि राय सुझाव दिनुभयो ।
- कम्पनीले आयोजना क्षेत्रमा सामाजिक उत्तरदायित्व अनुसारको कार्य गरेकोमा कम्पनीलाई धन्यवाद दिनुभयो ।

३) शेयरधनी श्री ब्रहमदेव शाक्य

- कम्पनीको सुशासन व्यवस्था राम्रो भएको तथा आ. व. २०८२/८३ को लेखापरिक्षण शुल्क यथावत गर्नको लागि सुझाव दिनुभयो ।
- साथै कम्पनीको १६औं वार्षिक साधारण सभाको सफलताको कामना व्यक्त गर्नुभयो ।

४) शेयरधनी श्री सुदिप श्रेष्ठ

- कम्पनीको साँवा व्याज समयमै भुक्तानी भएको, कम्पनीको नाफामा क्रमशः वृद्धि हुदै गएकोले आगामी वर्ष कम्पनीले अझ प्रगति गर्ने विश्वास व्यक्त गर्नुभयो ।
- साथै कम्पनीको १६औं वार्षिक साधारण सभा समयमै सम्पन्न भएकोमा खुसी व्यक्त गर्दै कम्पनीको व्यवस्थापन तथा सञ्चालक समिति लाई धन्यवाद दिनुभयो ।

Ingwa Hydro Power Ltd
Thapathali

सुमित्रा

५) शेयरधनी श्री निरुपमा गुप्ता

- कम्पनीले जलप्रवाह जोखिम घटाउन, पुर्वानुमान प्रणाली जडान गर्नको लागि सुझाव दिनुभयो ।
- कम्पनीको Book Value मा सुधार गर्नुपर्ने, विद्युत उत्पादनको लक्ष्य तथा वास्तविक विद्युत उत्पादन बिचको दुरी कम गर्नको लागि सुझाव दिनुभयो ।

**१०) शेयरधनीहरुबाट प्राप्त सुझाव तथा जिज्ञासाहरुको जवाफ :**

शेयरधनीहरुले उठाएका जिज्ञासाहरुको जवाफ दिदैं कम्पनीका संचालक श्री भेज प्रसाद तिमिल्सीना ज्यूले शेयरधनीहरुको साधारण सभा मार्फत दिनु भएको अमूल्य र रचनात्मक सुझाव तथा सल्लाहहरु कम्पनीको विकासको लागि मार्गदर्शक हुनेहुँदा उक्त सुझावलाई अवलम्बन गर्दै जाने कुरा सभा समक्ष बताउनु भयो ।

संचालक श्री भेज प्रसाद तिमिल्सीना ज्यूले कम्पनीको भावी कार्यक्रममा ईङवा हाईड्रोपावर लिमिटेडले व्यवसाय विस्तार गर्ने योजना अनुरुप कम्पनीको संचालनमा रहेको माथिल्लो ईङवा खोला साना जलविद्युत आयोजनाको विद्युतगृहबाट करिव ५०० मिटर डाउनस्ट्रीम तर्फ सोही खोलाको पानी उपयोग गरी ८ मेगावाट क्षमताको तल्लो ईङवा खोला जलविद्युत आयोजनामा बहुमत शेयर लगानी गरी निर्माण गर्ने योजना रहेको जानकारी गराउनुभयो । साथै कम्पनीको संस्थागत सुशासनलाई सुदृढ गरी पारदर्शी हिसाब राख्ने प्रतिबद्धता सहित सभामा शेयरधनीहरुलाई जानकारी गराउनुभयो ।

**११) १६औं वार्षिक साधारण सभाबाट पारित निर्णयहरु**

**क) सामान्य प्रस्ताव:**

**निर्णय १.**

ईङवा हाईड्रोपावर लिमिटेडको १६औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू द्वारा प्रस्तुत भएको आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सर्वसम्मतले पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. २.**

यस कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को आय व्यय विवरण, नाफा नोक्सान हिसाब तथा २०८२ साल कार्तिक २७ गतेको वासलात एवं लेखापरिक्षक श्री शिशिर बि. एण्ड एसोसिएट्सले तयार पार्नुभएको लेखापरीक्षण प्रतिवेदन यस सभा समक्ष पेश गरी छलफल हुँदा प्रतिवेदनमा उल्लेख भएका हिसाबहरुले कम्पनीको वास्तविकता झल्काएको पाईएको भनि सबै शेयरधनीहरुले एकेबद्दता जाहेर गर्नु भएकोले सर्वसम्मत निर्णयबाट पारित गरियो ।

**निर्णय नं. ३.**

ईङवा हाईड्रोपावर लिमिटेडको आर्थिक वर्ष २०८२/०८३ को लागि लेखापरिक्षक नियुक्त गर्ने सम्बन्धमा छलफल गर्दा लेखापरिक्षक शुल्क सम्बन्धमा ३ वटा Quotation प्राप्त भएकोमा सबैभन्दा कम शुल्क रहेको श्री शिशिर बि. एण्ड एसोसियट्स(हालका लेखापरिक्षक) लाई नै नियुक्त

सुमित्रा

Ingwa Hydro Power Ltd
INGWA
Thapathali

गर्ने र निजको यस अघिको पारिश्रमिक कर बाहेक रु. ३,००,०००.०० (अक्षरुपी तीन लाख मात्र) हुने निर्णय सभाबाट सर्वसम्मत पारित गरियो ।

**(ख) विशेष प्रस्ताव :**

**निर्णय १.**

कम्पनीको नियमनकारी निकाय विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायतका नियामक निकायहरुमा आवश्यक कार्य गर्न र कम्पनीको प्रबन्धपत्र, नियमावली संसोधन गर्न आवश्यक परेमा संचालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव यस सभाबाट सर्वसम्मत पारित गरियो ।

**(ग) विविधः**

विविध तर्फ कुनै पनि एजेण्डा नभएकोले यस सभाबाट कुनै पनि प्रस्ताव पारित गर्नुपर्ने आवश्यकता देखिएन ।

**१२) सभा विसर्जन :**

यस साधारण सभाको सूचनाका साथ पठाइएको सम्पूर्ण सामान्य तथा विशेष प्रस्तावहरु सभामा पेश भई विस्तृत छलफल भएको र सम्पूर्ण प्रस्तावहरु सभाबाट सर्वसम्मत रुपमा पारित भएको घोषणा गर्दै अध्यक्षज्यूले उत्साह एवं उमंगका साथ धैर्यधारण गरी सक्रिय रुपमा छलफलमा सहभागी भई यस साधारण सभालाई सफलता पूर्वक सुसम्पन्न गर्न सहयोग गर्नु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद व्यक्त व्यक्त गर्दै सभा विसर्जन गर्नुभयो ।

Ingwa Hydro Power Ltd Thapathali

सुमित्रा